परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १६४ पृष्ठ ४ २०८२ चैत्र २२ गते आईतवार 5 April, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## 'समृद्ध बर्दिवास'
# अभियानसहित कार्की प्यानल मैदानमा




● टक नेपाल

बर्दिवास उद्योग वाणिज्य संघको आसन्न निर्वाचनलाई लक्षित गर्दै अध्यक्ष पदका उम्मेदवार दीपक बहादुर कार्कीले आफ्नो प्यानलसहित प्रतिबद्धता सार्वजनिक गरेका छन्। "व्यावसायिक विकास र समृद्धिको साझा संकल्प" भन्ने मूल नारासहित कार्कीले ४ बुँदे घोषणापत्र सार्वजनिक गर्दै सम्पूर्ण प्यानल किन आवश्यक छ भन्ने स्पष्ट पारेका हुन्।

कार्कीले संघलाई प्रभावकारी, समन्वयात्मक र परिणाममुखी बनाउन एकल नेतृत्व मात्र पर्याप्त नहुने उल्लेख गर्दै सक्षम र अनुभवी टोली आवश्यक रहेको दाबी गरे। उनले व्यवसायी समुदायको हकहित संरक्षण, बजार व्यवस्थापन र दीर्घकालीन आर्थिक समृद्धिका लागि साझा दृष्टिकोणसहित अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्यानलले साना तथा ठूला व्यवसायीबीचको दूरी घटाउँदै पूँजीगत आधारमा वर्गीकरण गर्ने र सबैलाई समान अवसर सुनिश्चित गर्ने योजना अघि सारेको छ घरभाडा, घरधनी-व्यवसायी सम्बन्ध तथा स्थानीय करसँग सम्बन्धित समस्याहरू समाधान गर्न संघले सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाएको छ साथै, सडक किनारका साना व्यवसायीहरूको व्यवस्थापन गर्दै बजार सुरक्षामा जोड दिने योजना पनि सार्वजनिक गरिएको छ।

नगरपालिकासँग समन्वय गरी व्यवस्थित पार्किङ स्थल निर्माण, फुटपाथ व्यवस्थापन, ढल निकास सुधार तथा सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण गर्ने योजना समेत अघि सारिएको छ। यसले बर्दिवासलाई व्यवस्थित र आकर्षक व्यापारिक केन्द्र बनाउने विश्वास व्यक्त गरिएको छ। बर्दिवासलाई 'ट्रान्जिट सहर'बाट 'पर्यटकीय गन्तव्य'का रूपमा विकास गने लक्ष्यसहित रात्रिकालीन बजार सञ्चालन गर्ने अवधारणा पनि ल्याइएको छ। होटल तथा ट्राभल व्यवसायीसँग सहकार्य गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई बर्दिवासमै बस्न प्रोत्साहन गर्ने योजना रहेको कार्की प्यानलले जनाएको छ।

त्यसैगरी, व्यवसायीहरूका लागि संघभित्रै कानुनी परामर्श डेस्क स्थापना गर्ने, निजी अस्पतालसँग सहकार्य गरी स्वास्थ्य सेवामा सहुलियत उपलब्ध गराउने तथा सिटीईभिटी र सरकारी निकायसँग

बाकी पृष्ठ २.....

# बर्दिवासमा लोकसेवा कक्षा सुरु

● टक नेपाल

महोत्तरीको बर्दिवासमा युवाहरूको भविष्य निर्माणतर्फ लक्षित एउटा महत्वपूर्ण पहल सुरु भएको छ। शनिबारदेखि बर्दिवासमा लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा औपचारिक रूपमा सञ्चालनमा आएको छ, जसले सरकारी सेवामा प्रवेश गर्ने आकांक्षा बोकेका युवाहरूमा नयाँ उत्साह जगाएको छ।

बर्दिवास नगरपालिकाको आर्थिक सहयोगमा कर्मचारी मिलन केन्द्र, बर्दिवास द्वारा आयोजित यो तयारी कक्षा तीन महिनासम्म सञ्चालन हुनेछ। कार्यक्रमको उद्घाटन नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री ले विशेष समारोहबीच गरेका थिए।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख क्षेत्रीले भने, "स्थानीय तहले युवाको क्षमता अभिवृद्धिमा लगानी गर्नु आवश्यक छ, यसले दीर्घकालीन रूपमा समग्र समाजलाई लाभ पुऱ्याउँछ। यसरी सञ्चालन हुने कक्षाले स्थानीय युवालाई प्रतिस्पर्धी बनाउँदै सरकारी सेवामा प्रवेशको बाटो सहज बनाउनेछ।"

यस कक्षामा हाल ४५ जना प्रशिक्षार्थी सहभागी छन्। कक्षामा दक्ष र अनुभवी प्रशिक्षकहरूले प्रशिक्षण दिनेछन्, जसले सहभागीहरूलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक अनुभव प्राप्त हुने अपेक्षा गरिएको छ।

स्थानीय स्तरमै सञ्चालन हुने कक्षाले महँगो शुल्क तिरेर बाहिर जानुपर्ने बाध्यतालाई कम गर्ने छ। यसले विद्यार्थी र अभिभावक दुवैमा उत्साह थपिएको छ।

उद्घाटन कार्यक्रम कर्मचारी मिलन केन्द्रका अध्यक्ष सुनिल शर्मा पौडेल को अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारी, वडा नम्बर १४ का अध्यक्ष तथा नगर प्रवक्ता विजय कुमार महतो लगायत कर्मचारी, समाजसेवी र सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

बर्दिवासमा यस्ता पहलले युवाहरूलाई गुणस्तरीय तयारीको अवसर दिने मात्र होइन, स्थानीय सरकार, संस्थाहरू र समुदायबीच सहकार्यको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।






पर्सिलका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### सदाचार, स्थिरता र समृद्धिको बाटो

प्रचण्ड गर्मीपछिआएको शीतल वर्षाजस्तै हालैको निर्वाचनले निराश जनतामा केही आशा जगाएको छ वर्षौंदेखि बेरोजगारी, भ्रष्टाचार र राजनीतिक अस्थिरताले थलिएको देशमा नयाँ सरकारप्रति अपेक्षा स्वाभाविक छ। तर केवल सरकार परिवर्तनले मात्र परिवर्तन सम्भव हुँदैन; त्यसका लागि सामूहिक जिम्मेवारी आवश्यक हुन्छ।

आजका युवाहरू अवसरको खोजीमा विदेशिन बाध्य छन्। देशभित्र रोजगारी सिर्जना, उद्योग सञ्चालन र लगानीमैत्री वातावरण निर्माण गर्नु सरकारको पहिलो दायित्व हो। साथै, भ्रष्टाचार नियन्त्रणसँगै विकास निर्माणलाई समान रूपमा अघि बढाउनुपर्छ, नत्र विकासभन्दा द्वन्द्व बढ्ने खतरा रहन्छ।

सञ्चार क्षेत्रले पनि जिम्मेवार भूमिका निर्वाह गर्न जरुरी छ। अनावश्यक होहल्ला, उत्तेजना र पक्षपातले समाजलाई विभाजित बनाउँछ। शिष्ट, तथ्यपरक र राष्ट्रहितमा केन्द्रित सञ्चारले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ।

त्यस्तै, प्रतिपक्षको कर्तव्य सरकारको विरोध मात्र होइन, सही मार्गदर्शन पनि हो। राष्ट्रिय हितका विषयमा सहकार्य र गलत कदममा रचनात्मक आलोचना आवश्यक हुन्छ।

समृद्ध नेपाल निर्माणका लागि सबैभन्दा महत्वपूर्ण पक्ष सदाचार हो। व्यक्तिगत आचरण सुधार बिना संस्थागत सुधार सम्भव हुँदैन। अब झगडा होइन, सहकार्य; अवरोध होइन, निर्माणतर्फ उन्मुख हुने समय आएको छ।




## 'समृद्ध बर्दिवास' अभियानसहित ..................

सहकार्य गरेर महिला उद्यमीहरूका लागि सीपमूलक तालिम सञ्चालन गर्ने योजना समेत सार्वजनिक गरिएको छ।

कार्कीले "सुरक्षित लगानी, मर्यादित पेशा र समृद्ध बर्दिवास" आफ्नो मूल लक्ष्य रहेको उल्लेख गर्दै सम्पूर्ण व्यवसायीहरूलाई आफ्नो प्यानललाई समर्थन गर्न अपिल गरेका छन्।

उक्त प्यानलले आगामी चैत २४ गते हुने निर्वाचनमा 'डमरु' चुनाव चिन्ह प्राप्त गरेको छ भने विपक्षी प्यानलले 'कलश' चिन्ह प्राप्त गरेको छ।

कार्की प्यानलका मुख्य ४ प्रतिबद्धता

१. सानो लगानी, ठूलो सम्मानः हाम्रो अभियान

पूँजीगत आधारमा व्यवसायी वर्गीकरण

घरभाडा, कर तथा व्यवसायी-घरधनी विवाद समाधान

साना व्यवसायीको व्यवस्थापन र बजार सुरक्षा सुनिश्चित

२. व्यवस्थित बर्दिवास, सुन्दर बजार

व्यवस्थित पार्किङ निर्माण

फुटपाथ, ढल निकास सुधार

सार्वजनिक शौचालय र प्रतीक्षालय निर्माण

३. 'ट्रान्जिट' होइन, पर्यटकीय गन्तव्य बर्दिवास

रात्रिकालीन बजार सञ्चालन

'क्तबथ द्यबचमष्दबक' प्याकेजमार्फत पर्यटन प्रवर्द्धन

४. उद्योगी-व्यवसायी सहजताः हाम्रो प्रतिबद्धता

कानुनी परामर्श डेस्क स्थापना

स्वास्थ्य सेवामा सहुलियत व्यवस्था

## १६ वर्षपछि फेरि चर्चामा गौर..................

मोर्चाको मञ्च भत्काउने तथा तोडफोड गने कार्य भएपछि त्यसको प्रतिरोधमा पहिलो गोली मधेसी मुक्ति मोर्चाको तर्फबाट चलेको आयोगले आफ्नो निर्णयमा उल्लेख गरेको छ। माओवादीको तर्फबाट गोली चलेपछि त्यसको प्रतिकारमा फोरमका तर्फबाट माओवादीहरूलाई पूर्वतयारी गरी नियोजित रूपमा नियन्त्रणमा लिई वा लिने क्रममा भएका क्रियाकलाप अमानवीय र क्रूर हुन पुगेको आयोगले जनाएको छ।

यस घटनामा एकातर्फ जिल्ला सुरक्षा समितिको निर्णय अनुसार नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको तालुक निकायबाट थप बल पठाउने कार्य भएको देखिएन भने अकोतर्फ जिल्लामा रहेका नेपाल प्रहरी र सशस्त्र प्रहरीबिचमा समेत प्रभावकारी समन्वय हुन नसकेको आयोगले ठहर गरेको छ।

स्थानीय सुरक्षाकर्मी पनि दोषी

घटना हुनुभन्दा अघि र घटना भएको दिन समेत अत्यन्त कमजोर रूपमा उपस्थिति जनाएको स्थानीय सुरक्षाकर्मी र प्रशासनले यस्तो गम्भीर अवराधका दोषीहरूलाई कानुनी दायरामा ल्याउन असफल भएको आयोगले जनाएको छ।

आयोगले जिल्लास्थित तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझाले घटना हुन नदिन कुनै पहल गरेको नदेखिएको ठहर गरेको छ भने राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिका पनि प्रभावहीन देखिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटमा दुई वटा किटानी जाहेरी दर्ता गराए पनि कल्पनासम्म गर्न नसकिने अपराधविरुद्ध वास्तविक रूपमा जाहेरीका आधारमा जिम्मेवारीमा रहेका निकाय पूर्णतः उदासीन रहेको र यसमा प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ता कार्यालयले समेत बेवास्ता गरेको आयोगले जनाएको छ।

प्रचण्ड र उपेन्द्र दोषी

नेकपा (माओवादी)को भ्रातृ संगठन मधेसी मुक्तिमोर्चा र फोरम दुवैले हतियारको प्रयोग गरी एकले अर्काको स्वतन्त्रता र अस्तित्वलाई स्वीकार गर्न नसक्दा नै यस्तो अपराध हुन गएको भन्दै आयोगले यस कार्यमा दुवै दलका जिल्लास्तरीय नेता र केन्द्रको हकमा तत्कालीन फोरमका अध्यक्ष उपेन्द्र यादव, तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड समेतले आफ्नो मातहतका नेता तथा कार्यकर्ताहरूलाई संयमित बनाउने तथा घटनामा दोषी देखिएका कार्यकर्ताहरूलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रशासनलाई सहयोग गरेको नदेखिएको ठहर गरेको छ।

घटनामा माओवादीका अध्यक्ष प्रचण्ड, तत्कालीन मधेसी मुक्ति मोर्चाका महासचिव प्रभु साह र पूर्व जनसरकार प्रमुख विन्देश्वर यादव तथा तत्कालीन अध्यक्ष उपेन्द्र यादव समेत जिम्मेवार रहेको आयोगले जनाएको छ। घटनामा जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएका जाहेरीमा नाम उल्लेख भएका र नेपाल सरकारद्वारा गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदनले दोषी भनी उल्लेख गरेका नामावलीमा तत्कालीन फोरमका अध्यक्ष यादवको पनि नाम रहेको आयोगले जनाएको छ।


## बर्दिवास उद्योग वाणिज्य संघ

**निर्वाचन समितिको कार्यालय,**

**बर्दिवास (महोत्तरी)**

**सूचना । सूचना ।। सूचना ।।।**

**नवीकरण तथा निर्वाचन सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस बर्दिवास उद्योग वाणिज्य संघको मिति २०८२ साल चैत १७ गतेको निर्णयानुसार गठन भएको समितिले दिएको प्रतिवेदन, निर्वाचन समितिको पदाधिकारी तथा उम्मेदवारहरु बीच सर्व सम्मत भएको निर्णयानुसार यस संघका पूराना सम्पूर्ण सदस्यहरुलाई (नवीकरण छुट भएका तथा नवीकरण नगराउनु भएका दुवै) सदस्यहरुलाई आ आफनो स्थायी लेखा नम्बरको प्रमाणपत्र लिई स्वयम् उपस्थित भई यही मिति २०८२/१२/२० गते देखि २०८२/१२/२२ गते सम्म बिहान ८:०० बजे देखि साँझ ५ बजे सम्म यस संघको कार्यालयमा आई सदस्यता नवीकरण गरीदिनु हुन सम्पूर्ण सदस्यज्यूहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस संघबाट प्रकाशित भएको सूचना बमोजिम नवीकरण छुट हुन गएमा सदस्य स्वयम् जिम्मेवार रहने व्यहोरा सबैमा जानकारी गराइन्छ ।

अत : यस संघको पूर्व निर्धारित तालिका अनुसार नै यही मिति २०८२/१२/२४ गते निर्वाचन हुने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।




# १६ वर्षपछि फेरि चर्चामा गौर घटना : रवि लामिछाने र महन्थ ठाकुरबिच के भयो कुराकानी ?

● टक नेपाल

२०६३ मा भएको गौर घटना फेरि चर्चामा आएको छ । बालेन्द्र (बालेन) शाह नेतृत्वको सरकारले गौर घटनाका सम्बन्धमा छानबिन समितिले बुझाएको प्रतिवेदन र विभिन्न उजुरीमाथि कारबाही गर्ने भन्दै चर्चा हुन थालेपछि जनता समाजवादी पार्टी नेपालका संरक्षक महन्थ ठाकुरले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भेट गरेका छन् ।

मंगलबार दुई नेताबिच भेटवार्ता भएपछि गौर घटनाको विषय थप बहसमा आएको हो । राष्ट्रिय सभा सदस्यसमेत रहेका ठाकुरले गौर घटनाको आरोपमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई पक्राउ गर्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेसँग जिज्ञासा राखेका थिए ।

त्यसको जबाफमा अध्यक्ष लामिछानेले बाहिर आएका हल्लामा सत्यता नरहेको बताएका छन् । यो सरकारले प्रतिशोधको राजनीतिक नगर्ने प्रस्ट पार्दै लामिछानेले यसबारे बरु आफूले जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसँग भेटेरै कुराकानी गर्ने बताएको जसपा नेपालका नेता रामकुमार शर्माले बताए ।

अध्यक्ष लामिछानेसँग भएको भेटका बारेमा जसपा नेपालका नेताहरूलाई जानकारी गराउने क्रममा ठाकुरले गौर घटनाको विषयमा बाहिर आएको कुरा हाल्ला मात्र भएको कुरा आफूलाई लामिछानेले बताएको उल्लेख गरेका छन् ।



२०६६ मा रौतहटको गौरमा तत्कालीन माओवादी र मधेसी जनअधिकार फोरम नेपालबिच झडप हुँदा २७ जना माओवादी नेता तथा कार्यकर्ताको मृत्यु भएको थियो । सो घटनाको बारेमा सरकारी तथा गैर सरकारी तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूले छानबिन गरी सरकारलाई प्रतिवेदन बुझाएका थिए ।

घटनापछि प्रहरी कार्यालयमा किटानी जाहेरी पनि परेका थिए । दोषीलाई पक्राउ नगरेको भन्दै गौर घटनाका पीडित परिवारले सर्वोच्च अदालतमा पनि मुद्दा दायर गरेका थिए । अदालतले प्रहरीलाई सो घटनाका सम्बन्धमा दायर भएका उजुरीमाथि छानबिन गर्न निर्देशन दिइसकेको छ । वर्तमान सरकारले त्यसलाई कार्यान्वयन गर्न भनेको स्रोतले जनाएको छ ।

त्यसरी प्रहरीमा परेको उजुरीलाई कार्यान्वय गर्न भनेको कुरा बाहिर आएपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पक्राउ पर्न सक्ने भन्दै एकाएक चर्चा चलेको हो ।

जुन सरकार आए पनि गौर घटनाका सम्बन्धमा चर्चा हुने गरेको र उपेन्द्र यादव पक्राउ पर्ने हल्ला चलाएर पार्टीलाई बदनाम गराउने प्रयास भइरहेको सो पार्टीका नेता डा.सुरेन्द्रकुमार झाले बताए ।

'छानबिन होस्, उपेन्द्र यादव दोषी देखिए पार्टीका हजारौं कार्याकर्ताका साथमा हामी उहाँलाई जेलमा पुऱ्याइदिन तयार छौं,' उनले भने, 'यो सरकारले मात्र होइन, कुनै पनि सरकारले प्रतिशोध तथा पूर्वाग्रही निर्णय गर्न हुँदैन ।'

जेननी आन्दोलनपछि विकसित परिस्थितिमा नयाँ जनादेशका साथ बनेको सरकारले सुशासन कायम गर्न उठाउने कदममा जसपा नेपालले पूर्ण समर्थन गरेको बताउँदै झाले कुनै पनि घटनाको सत्यतथ्य छानबिन हुनुपर्ने बताए ।

गौर घटनाको समयमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव घटनास्थलमा उपस्थित नै नरहेको भनेर विभिन्न रिपोर्टले भनिसकेको अवस्थामा जबर्जस्ती बदनाम गराउने काम नहोस् भन्दै उनले हरेक घटनाको निष्पक्ष छानबिन हुनुपर्नेमा जोड दिए ।

गौर घटनामा तत्कालीन माओवादी नेताको रूपमा प्रत्यक्ष संलग्न आम जनता पार्टी नेपालका अध्यक्ष प्रभु साहले कारबाहीको माग पटक-पटक गर्दै आएका छन् । मंगलबार जसपा नेपालका संरक्षक महन्थ ठाकुरले भेटेलगत्तै रास्वपा सभापति लामिछानेलाई आजपा नेपालका अध्यक्ष प्रभु साहले पनि भेटेका थिए ।

सो भेटमा प्रभु साहले गौर घटनाको बारेमा के-कस्ता विषय उठाए भन्ने कुरा बाहिर आएका छैनन् तर उनले विगतमा गौर घटनाका दोषीलाई कारबाही हुनुपर्छ भनेर पटक पटक सरकारलाई दबाब दिँदै आएका थिए ।

गौर घटनाका पीडितहरूले आन्दोलन गरेपछि तत्कालीन सरकारसँग २०८० साउनमा पाँच बुँदे सम्झौता भएको थियो । त्यतिबेला नारायणकाजी श्रेष्ठ गृहमन्त्री थिए । २०८० साउन २३ गते भएको सम्झौताको पहिलो बुँदामै उक्त घटनाको विषयमा तत् समयमा दर्ता भएको जाहेरी समेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने उल्लेख छ । त्यो सम्झौतापछि पनि उपेन्द्र यादव पक्राउ पर्ने हल्ला चलेको थियो ।

यस्तो भन्छ आयोगको अध्ययनले

राष्ट्रिय मानव अधिकार आयोगले २०७९ मा सरकारलाई ध्यानाकर्षण गराउँदै दोषीलाई कारबाही गर्न सुझावसहितको प्रतिवेदन तयार गरेको थियो । आयोगले २०७९ पुस १९ गते घटना भएको १६ वर्ष बित्न लाग्दा पनि किटानी जाहेरी दरखास्त उपर कुनै कारबाही, अनुसन्धान, तहकीकात गरी अभियोजन गर्ने कार्य नदेखिएको ठहर गरेको थियो ।

घटनाबारे अनुसन्धान कार्य अघि नबढाउने जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख, प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगर्ने तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक धर्मानन्द सापकोटा र नायब उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामै बहाल रहेको अवस्था भएमा विभागीय कारबाही गर्न र सेवा निवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यको तर्फबाट कुनै पनि थप अवसर प्रदान नगर्न आयोगले सरकारलाई सिफारिस गरेको थियो ।

आयोगले किटानी जाहेरी दरखास्त र नेपाल सरकारबाट गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन, २०६४ मा औंल्याइएका व्यक्तिहरू उपर तत्काल अनुसन्धान गरी दोषी देखिएका व्यक्तिहरू उपर अभियोग दर्ता गराउने कार्यगरी सोको जानकारी आयोगलाई तीन तीन महिनामा गराउन समेत सरकारलाई निर्देशन दिएको थियो । आयोगको सो निर्देशन अझै कार्यान्वयनमा नआएको आयोगका एक सदस्यले बताए ।

मृतकका परिवारले समेत हालसम्म सरकारबाट कुनै राहत तथा क्षतिपूर्ति प्राप्त नगरेको उल्लेख गर्दै आयोगले मृतक व्यक्तिका प्रत्येक परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम कम्तीमा प्रतिव्यक्ति तीन लाखको दरले यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराई तीन महिनाभित्र आयोगमा जानकारी गराउन भनिएको थियो । आयोगको सो निर्देशन पनि कार्यान्वयन हुन सकेको छैन ।

कसरी भएको थियो घटना ?

गौर घटना हुनुमा तत्कालीन नेकपा माओवादीको भ्रातृ संगठन मधेसी मुक्ति मोर्चा र मधेसी जनअधिकार फोरमको तिक्ततापूर्ण र प्रतिशोधपूर्ण व्यहार जिम्मेवार रहेको आयोगको ठहर छ । घटनामा तत्कालीन फोरमका तत्कालीन अध्यक्ष उपेन्द्र यादव र रौतहट जिल्लाका फोरम कार्यकर्ताहरू तथा तत्कालीन नेकपा (माओवादी) भ्रातृसंगठन मधेसी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साह एवं पूर्व जनसरकार प्रमुख विन्देश्वर यादवलाई एकै स्थान र समयमा दुई फरक कार्यक्रम हुँदा अवस्था बिग्रन सक्छ भन्ने थाहा हुँदा हुँदै कार्यक्रम गरेको देखिएको आयोगले ठहर गरेको छ ।

घटनामा फोरमको तर्फबाट मधेसी मुक्ति बाकी पृष्ठ २......

**मानव बेचबिखन विरुद्ध सचेतना**

❖ बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
❖ विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
❖ पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
❖ समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
❖ ोजगीाका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकाी गाउने गनुपछ ।
❖ व्यक्तिगत तवबाट आफु सचेत हि पविा साथीहरू सवलाइ सचेतना फलाउने ।
❖ शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
❖ चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
❖ सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
❖ मानव बेचविखनविरूद्ध क्रियाशिल सकाी ग सकाी संघसंस्थाहरूसँग समन्वय गने ।
❖ पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

एकडारा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल**

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टरहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

### अज्ञात वन्यजन्तुले

# चौपाय खाइदिएपछि त्रास, बाघ रहेको आशक्ता



टक नेपाल

सर्लाहीको उत्तरपूर्वी भेगस्थित ईश्वरपुर नगरपालिका वडा नं. १२ का चुरेबस्तीमा अज्ञात वन्यजन्तुले जङ्गल चर्न गएका चौपाय मार्न थाले पछि स्थानीय त्रसित बनेका छन् ।

पहिचान हुन नसकेको वन्यजन्तुले जङ्गलभित्र दुईवटा गोरु र केही बाख्रा खाइदिएको ईश्वरपुर १२ शीर फूलजोरका दिनेश बम्जनले जानकारी दिनुभयो । उहाँका अनुसार चौपाय फर्किएर गोठमा नआएपछि जङ्गलमा खोजी गर्न जाँदा वन्यजन्तुले मासु लुछेर खाएको अवस्थामा मृत फेला पारिएको हो ।

आफूहरुले प्रत्यक्ष नै देख्दा गाइवस्तु र बाख्रापाठा खाने वन्यजन्तुको शरीरमा पाटैपाटा रहेको बम्जनको भनाइ छ । स्थानीयले उक्त जनाबर पाटे बाघ रहेको आशङ्का गरे पनि पुष्टी भने हुन सकेको छैन ।

पशुचौपाय मार्ने वन्यन्जतु देखा परेको ठाउँ सिन्धुलीको मरिण र महोत्तरीको खयरमारास्थित छोड्केसँग सीमा जोडिएको क्षेत्रमा पर्छ । सर्लाहीतर्फ पशुचौपाय खाएर दुःख दिएको उक्त वन्यजन्तु तीन दिनअघि बाँके खोला तरेर बर्दिवास नगरपालिका ११ छोड्केतर्फ लागेको शीर फूलजोरका स्थानीय बम्जनले बताउनुभएको छ ।

अघिल्लो वर्ष पनि सर्लाही र महोत्तरीको चुरेवर्ती क्षेत्रमा बाघ जस्तै देखिएको वन्यजन्तुले जङ्गल चराउन लगिएको बाख्रा खाइदिएको थियो । बर्दिवास नगरपालिका ११ खयरमाराका वडाध्यक्ष पूर्णबहादुर बलले आफ्नो वडातर्फ पनि अघिल्लो वर्ष चुरेपाखाका बस्तीहरुमा बाघ जस्तो देखिने जङ्गली जनावर आएर केही बाख्रा मारेको भए पनि यो वर्ष त्यस्तो सूचना नआएको बताउनुभयो ।

चुरे खोँचमा पर्ने ईश्वरपुर १२ र बर्दिवास ११ का बस्तीहरु भौगोलिक हिसाबले अत्यन्त विकट रहेका छन् । पछिल्लो समय सर्लाहीको चुरेवर्ती क्षेत्रमा विभिन्न हिंस्रक र अन्य लोपोन्मुख वन्यजन्तु फेला पर्न थालेका छन् ।

गत वर्ष लालबन्दी नगरपालिका-१३, कर्मडण्डीमा भालुको आक्रमणबाट एक जना घाइते भएका थिए । त्यस क्षेत्रमा अहिले पनि बेलाबेलामा भालु देखा पर्ने गरेको स्थानीयले बताएका छन् ।

एक महिनाअघि चुरेवर्ती क्षेत्रको लालबन्दी नगरपालिका-१४, नारायणखोलास्थित माइस्थानखोलामा कुकुरले लखेट्दै गरेको अवस्थामा स्थानीयले एउटा रतुवा मृगको उद्धार गरेर प्रहरीमा बुझाएका थिए । उक्त मृग डिभिजन वन कार्यालयमा ल्याउँदा मरेको थियो ।

वन्यजन्तुका कारण चुरेवर्ती क्षेत्रका स्थानीयलाई आउजाउ गर्न पनि जोखिम भएको छ । चुरे पाखा तथा वनजङ्गलमा मानिसको हस्तक्षेप र आवागमन बढ्दा वन्यजन्तु सङ्कटमा पर्दै गएका छन् ।

# मधेस प्रदेशमा २५ लाख माथिका योजनाका लागि टेन्डर

टक नेपाल




मधेस प्रदेश सरकारले बजेट कार्यान्वयनबारे नयाँ नीति सार्वजनिक गरेको छ । जसअनुसार प्रदेश सरकारले १० लाख रुपैयाँभन्दा कम लागतका साना योजनामा बजेट नहाल्ने भएको छ ।

चालु आर्थिक वर्ष (२०८२/८३) को बजेट खर्च प्रक्रिया सुस्त बनेपछि सरकारभित्र टेन्डर, उपभोक्ता समिति र सिलबन्दी कोटेसनमार्फत योजना सञ्चालन गर्ने विषयमा विवाद चलिरहेको थियो ।

बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले उक्त विवाद टुङ्ग्याउँदै योजनाको रकमका आधारमा कार्यान्वयनको मापदण्ड निर्धारण गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता तथा स्वास्थ्य तथा जनसंख्या मन्त्री जङ्गीलाल रायका अनुसार अब २५ लाख रुपैयाँभन्दा बढीका योजनाहरू टेन्डर प्रक्रियामार्फत कार्यान्वयन गरिनेछ । १० लाखदेखि २५ लाख रुपैयाँसम्मका योजनाहरू सिलबन्दी कोटेसनमार्फत सञ्चालन गरिने निर्णय भएको छ ।

१० लाख रुपैयाँभन्दा कमका योजनाहरू भने नयाँ रूपमा अघि नबढाउने निर्णय भएको छ ।

यसअघि प्रदेश सरकारले समय अभावलाई कारण देखाउँदै २५ लाख रुपैयाँसम्मका साना विकास योजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने निर्णय गरेको थियो । आर्थिक वर्षको अन्त्य नजिकिँदै गएको र टेन्डर प्रक्रियामा जाँदा समयमै काम सम्पन्न नहुने तथा ठुलो रकम फ्रिज हुने जोखिम देखिएपछि यस्तो निर्णय गरिएको थियो । पछिल्लो समय सरकार सो निर्णयबाट पछि हटेको हो ।

स्रोतका अनुसार संघीय सरकारले अघि सारेको शासकीय सुधारको सातबुँदे कार्यसूची र सार्वजनिक खरीदसम्बन्धी मापदण्डको दबाबपछि प्रदेश सरकारले अधिकांश योजनालाई टेन्डर वा कोटेसन प्रक्रियाबाट अघि बढाउने आन्तरिक तयारी थालेको छ ।

प्रदेश सरकारका अनुसार तीन अर्ब रुपैयाँभन्दा बढीका योजनाहरू संसदीय निर्वाचन क्षेत्रसँग सम्बन्धित छन् । त्यस्तै १० लाख रुपैयाँभन्दा माथिका मन्त्रालयगत योजनाहरूको कुल आकार २६ अर्ब रुपैयाँभन्दा बढी रहेको बताइएको छ । तीमध्ये २५ लाख रुपैयाँभन्दा माथिका अधिकांश योजनाहरू टेन्डर प्रक्रियामा प्रवेश गरिसकेका छन् भने बाँकीलाई सिलबन्दी कोटेसनमार्फत अघि बढाइनेछ ।

चालु आर्थिक वर्षको दोस्रो चौमासिक बितिसक्दा पनि प्रदेश सरकारले विकास निर्माणतर्फ १५ प्रतिशत बजेटसमेत खर्च गर्न नसकेको अवस्था छ । आर्थिक वर्ष सकिन अब करिब साढे तीन महिनामात्र बाँकी रहेका कारण टेन्डर प्रक्रिया अपनाउँदा प्रारम्भिक चरणमै करिब डेढ महिना समय खर्च हुने सम्भावना हुन्छ । सूचना प्रकाशन, आवेदन, मूल्याङ्कन, सम्झौता तथा कार्यादेश जारी गर्ने प्रक्रियामै लामो समय जाने भएकाले बाँकी अवधिमा भौतिक प्रगति हासिल गर्न चुनौती देखिएको छ ।

मन्त्री रायका अनुसार संसदीय निर्वाचन क्षेत्रअन्तर्गतका योजनाहरू उपभोक्ता समितिमार्फत सहमतिमा सञ्चालन गरिने छन् भने मन्त्रालयगत योजनाहरू रकमको आधारमा टेन्डर वा सिलबन्दी कोटेसनमार्फत अघि बढाइनेछ ।

प्रदेश सरकारका अनुसार तीन अर्ब रुपैयाँभन्दा बढीका योजनाहरू संसदीय निर्वाचन क्षेत्रसँग सम्बन्धित छन् । त्यस्तै १० लाख रुपैयाँभन्दा माथिका मन्त्रालयगत योजनाहरूको कुल आकार २६ अर्ब रुपैयाँभन्दा बढी रहेको बताइएको छ । तीमध्ये २५ लाख रुपैयाँभन्दा माथिका अधिकांश योजनाहरू टेन्डर प्रक्रियामा प्रवेश गरिसकेका छन् भने बाँकीलाई सिलबन्दी कोटेसनमार्फत अघि बढाइनेछ ।

मन्त्री रायले सार्वजनिक खरीद ऐनको मापदण्डभित्र रहेर समय बचतका लागि कोटेसन प्रक्रियालाई प्राथमिकता दिइएको बताए । उनले १० लाखभन्दा कमका टुक्रे योजनाहरूलाई निरुत्साहित गर्न रोक्का गरिएको र त्यस रकमलाई अधुरा योजना सम्पन्न तथा बक्यौता भुक्तानीमा केन्द्रित गर्ने बताए ।

जनहितमा जारी

❖बिना अनुमति बोङि नगनुहोस्।
❖भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
❖खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
❖गहिो बोङि गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
❖अनियन्त्रित बोङिले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
❖ पानीको सिाइकल पुनःप्रयोग प्रविधि प्रयोगमा ल्याआं।
❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



एकडारा गाउँपालिका, महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

एकडारा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014